## पाठ ६२

१. जब येशूले लाजरस बिरामी छ भनी सुन्नुभयो तब किन उहाँ तुरुन्तै उसलाई भेट्न जानुभएन ?
- किनभने उहाँ आफ्नो उद्धारकर्ता परमेश्वरको शक्तिशाली शक्ति देखाउन चाहनुहुन्थ्यो ।

२. मार्थाले सोचिन् कि येशूले तिनको भाइलाई अन्तको दिनमा जीवित पार्नुहुनेछ, के येशूले भन्नुभएको कुरा यही थियो ?
- थिएन ।

३. मार्थाले अन्तको दिनमा भन्नुको अर्थ के हो ?
- अन्तको दिन भनेको त्यो समय हो जो समयमा मरिगएकाहरू फेरि एकचोटि चिहानबाट उठ्नेछन् ।
- अन्तको दिनमा परमेश्वरले सुतिगएकाहरू सबैलाई तिनीहरूको कामको निसाफ गर्न उहाँको सामुन्ने लग्नुहुनेछ ।

४. लाजरसले किन मरेकाहरूबाट ब्यूँतिन अन्तको दिनसम्म कुरिराख्नुपर्दैनथ्यो ?
- किनभने येशू त्यहाँ हुनुहुन्थ्यो र येशू नै पुनरुत्थान र जीवन हुनुहुन्छ ।

५. येशूले भन्नुभयो जसले उहाँमा विश्वास गर्छ उसले मरेता पनि जीवित रहनेछ, मरिसकेपछि पनि मानिस कसरी जीवित रहन सक्छ ?
- येशूले यही भनिरहनुभएको थियो कि जसले उहाँमा विश्वास गर्छ उसको शरीर मरेता पनि उसको आत्मा परमेश्वरसँग निवास गर्न स्वर्गमा जानेछ ।

६. येशू कसरी मरेको लाजरसलाई जीवन दिन सक्षम हुनुभयो ?
- किनभने येशूले नै सबै जीवनलाई बनाउनुभएको हो ।

७. येशूले किन लाजरसलाई मरेकाहरूबाट ब्यूँझाउने निर्णय गर्नुभयो ?
- किनभने येशू सबै मानिसहरूलाई परमेश्वरसँग मृत्युमाथि पनि अधिकार छ भन्ने कुरा देखाउन चाहनुहुन्थ्यो ।

८. कसले येशूलाई मार्न चाहन्थ्यो ?
- प्रधान पूजारी र फरिसीहरूले ।

९. प्रधान पूजारी र फरिसीहरूलाई येशूलाई मार्नुपर्छ भनी कसले अगुवाइ गरिरहेको थियो ?
- शैतानले ।

- मानिसहरूले तिनीहरूका केटाकेटी येशूकहाँ ल्याउन चाहे ।

आउनुस् मर्कूस १०:१३ पद पढौं ।

[10]त्यसपछि, येशू र चेलाहरू एउटा घरभित्र थिए। चेलाहरूले येशूलाई फेरि विवाहविच्छेद बारे सोधे।

- येशूकहाँ आफ्ना केटकेटी ल्याउने मानिसहरूलाई येशूका चेलाहरूले किन गाली गरे ?

- चेलाहरूले सोचे कि येशू केटाकेटीहरूबाट दिक्क बन्न चाहनुहुन्न ।

- के येशू केटाकेटीहरू देखेर दिक्क हुनुभएको थियो ?
- थिएन ।

- येशूले आफ्ना चेलाहरूलाई के भन्नुभयो ।

आउनुस् मर्कूस १०:१४ पद पढौं ।

[14]त्यहाँ जे घट्ना घट्यो येशूले देख्नुभयो। उहाँले बालकहरूलाई उहाँकहाँ नआउनु भनेर रोकेकोमा क्रोध प्रकट गर्नुभयो। येशूले तिनीहरूलाई भन्नुभयो, "साना बालकहरूलाई मकहाँ आउन देऊ। तिनीहरूलाई नरोक, किनभने परमेश्वरको राज्य तिनीहरूको नै हो जो यी बालकहरू जस्तै छन्।

- येशू किन आफ्ना चेलाहरूसँग रिसाउनुभयो ?

- किनभने उहाँका चेलाहरूले मानिसहरूलाई तिनीहरूका केटाकेटी येशूको सामुन्ने ल्याउन दिएका थिएनन् ।

- के येशूले सबै केटाकेटीहरूलाई प्रेम गर्नुहुन्छ ?
- हो ।

- येशूले किन सबै केटाकेटीहरूलाई माया गर्नुहुन्छ ?

- किनभने येशूले सबै केटाकेटीहरूलाई बनाउनुभएको हो ।

- किनभने सबै केटाकेटीलाई बनाउने येशू हुनुहुन्छ त्यसैले उहाँ सबै केटाकेटीहरूलाई बचाउन चाहनुहुन्छ ।

- के केटाकेटीहरू पनि शैतानको दासको रूपमा पापमा जन्मिएका हुन्छन् ?

- हुन्छन् ।

- के केटाकेटीहरू पनि पाप, मृत्यु र शैतानको शक्तिबाट बचाइनु आवश्यक छ ?
- हो छ ।

- त्यसैकारणले केटाकेटीहरूले पनि परमेश्वरको वचन सुन्न एकदमै महत्वपूर्ण छ ।

- त्यसपछि येशूले केटाकेटीहरू र परमेश्वरको राज्यको बारेमा के कुरा भन्नुभयो ?

आउनुस् मर्कूस १०:१५-१६ पद पढौं ।

[15] म तिमीहरूलाई साँच्चो भन्दछु। तीमीहरूले परमेश्वरको राज्यलाई ग्रहण गर्नै पर्दछ, जसरी सानो बालकले दिइएको कुरा स्वीकार्दछ, नत्र भने तिमीहरू कहिल्यै त्यहाँ पस्न पाउने छैनौ।” [16] त्यसपछि येशूले ती बालकलाई आफ्नो काखमा लिनुभयो। उहाँले आफ्नो हातहरू तिनीहरूमाथि राख्नुभयो अनि आशीर्वाद दिनुभयो।

- येशूले साना केटाकेटीहरुजस्तै बनेन भने कसैले पनि स्वर्गको राज्यमा प्रवेश गर्न सक्दैन भन्नुको अर्थ के हो ?

- येशूले भन्न खोज्नुभएको यही हो कि यदि हामीले परमेश्वरमा निर्दोष केटाकेटी जस्तै विश्वास गरेनौं भने हामी बचाइन सक्दैनौं ।

- केटाकेटीको जस्तै विश्वास भनेको के हो ?

- केटाकेटीको विश्वास पूर्ण रूपले हुन्छ ।
- केटाकेटीहरूको विश्वास पूर्ण रूपले तिनीहरूको हृदयबाट हुन्छ ।

- जब एउटा सानो बालकले आफ्नी आमाको स्तन चुस्छ उसले पूर्ण हृदयले तिनमा विश्वास गर्छ ।

- जब एउटी सानी केटी आफ्नी आमाको पिठ्यूँमा हुन्छिन् तिनीले पूर्ण हृदयले आफ्नी आमालाई विश्वास गरेकी हुन्छिन् ।

- केटाकेटीहरूले तिनीहरूका आमालाई पूर्ण रूपले विश्वास गरेजस्तै हामीले पनि परमेश्वरमा त्यस्तै पूर्ण हृदयले विश्वास गर्नुपर्छ भनी येशूले भन्नुभयो ।

- यदि हामीले येशूमा पूर्ण हृदयले विश्वास गरेनौं भने हामी कहिल्यै पनि बचाइने छैनौं ।

- जब येशू हिँडिरहनुभएको थियो एकजना धनी मानिस त्यहाँ आयो र येशूसँग एउटा प्रश्न गऱ्यो ।

आउनुस् मर्कूस १०:१७ पद पढौं ।

17 येशू हिँड्न लाग्नु भयो, त्यसैबेला एउटा मानिस दगुर्दै आयो, येशूको अघि घुँडा टेक्यो। त्यस मानिसले उहाँलाई भन्यो, "हे असल गुरुज्यू अनन्त जीवन प्राप्त गर्नलाई मैले के गर्नुपर्छ?"

- धनी युवाले येशूलाई गरेको प्रश्न के थियो ?
- अनन्त जीवन पाउन मैले के गर्नुपर्छ ?

- धनी युवाले साँच्चै येशूलाई के सोधिरहेको थियो ?

- अनन्त जीवन पाउन उसले के असल काम गर्नुपर्ने हो ?
- अनन्त जीवन पाउन उसले गर्नुपर्ने असल कामको मोल के हो ?

- के हाम्रा कामहरूले हामीलाई अनन्त जीवन दिन्छन् ?
- दिँदैनन् ।

- के हाम्रा कामहरूले अनन्त जीवनको मोल तिर्छन् ?
- तिर्दैनन् ।

- येशूले के जवाफ दिनुभयो ?

- येशूले त्यस युवालाई उसले किन उहाँलाई असल भन्यो भनी सोध्नुभयो ?

- त्यसपछि उहाँले परमेश्वर भन्दा बाहेक अरू कोही पनि असल हुँदैन भनी भन्नुभयो ।

- के येशूले उहाँ असल छु भन्ने कुरा अस्वीकार गरिरहनुभएको थियो ?

- होइन ।

- के येशूले उहाँ परमेश्वर हुनुहुन्छ भन्ने कुरा अस्वीकार गरिरहनुभएको थियो ?

- होइन ।

- त्यसोभए येशूले किन त्यसो भन्नुभयो त ?

- येशूले त्यस युवालाई मानिसहरू पापमा जन्मिएका हुनाले पूर्ण असल हुँदैनन् भन्ने कुरा सिकाउन चाहनुहुन्थ्यो ।

- येशूले त्यस युवालाई यो पनि सिकाउन चाहनुहुन्थ्यो कि परमेश्वरले मात्रै पाप गर्नुभएको छैन र उहाँमात्रै असल हुनुहुन्छ ।

- त्यो धनी युवालाई किन लाग्यो कि ऊ अनन्त जीवन पाउन सक्छ ?

- त्यस धनी युवालाई असल कामले खराब कामलाई उजिल्याउन सक्दैन भन्ने कुरा थाहा थिएन ।

- त्यस धनी युवालाई असल काम जो हामी बाहिर गर्छौं त्यसले हाम्रो हृदयमा भएको दुष्ट कुरालाई उजिल्याउन सक्छ भन्ने थाहा थिएन ।

- यहाँ एउटा उदाहरण छ ।

- यदि कुनै फल भित्र कुहिएको रहेछ भने के हामीले त्यसलाई पखाल्दैमा त्यो शुद्ध बन्छ र ?
- बन्दैन ।

- फल अझै भित्र कुहिएको नै हुन्छ ।

- यदि फल भित्र किराले भरिएको रहेछ भने के हामीले त्यसलाई बाहिरबाट रगडेर सफा गर्दैमा हुन्छ र ?
- हुँदैन ।

- फल भित्र अझै किरा नै हुन्छ ।

- त्यो धनी युवाले ऊ पनि त्यही भित्र किराले भरिएको फल जस्तै भित्र हृदय खराब भएको मानिसका रूपमा जन्मिएको हो भन्ने करा बुझेको थिएन ।

- यद्यपि त्यस धनी मानिसले बाहिर असल काम गर्ने प्रयत्न गरिरहेको थियो तर यसले उसको भित्रको खराब हृदयलाई परिवर्तन गरेको थिएन ।

- येशूचाहिँ त्यस धनी युवालाई सबै मानिसहरू किरा परेको फलजस्तै हृदय लिएर जन्मिएका हुनाले तिनीहरू असल हुँदैनन् भन्ने कुरा सिकाइरहनुभएको थियो ।

- असल काम गरेर हामी असल बन्न सक्दैनौं ।
- असल कामहरूले हामीलाई असल बन्न कारण दिँदैनन् ।

- त्यसपछि येशूले के भन्नुभयो ?

आउनुस् मर्कूस १०:१९-२० पद पढौं ।

19 यसैले म तिम्रो प्रश्नको उत्तर दिन्छु। तिमी आज्ञाहरू त जान्दछौः 'तिमीले कसैको हत्या गर्नु हुँदैन, कसैलाई व्यभिचार गर्नु हुँदैन, चोर्नु हुँदैन, झूटो साक्षी दिनु हुँदैन, अरूलाई ठग्नु हुँदैन, तिमीले आफ्नो बाबू र आमालाई आदर गर्नैपर्छ … ।'"

20 त्यो मानिसले भन्यो, "गुरूज्यू, मैले यी सब आज्ञाहरू मेरो बालकपनदेखि नै पालन गर्दै आएको छु।"

- धनी युवाले के जवाफ दियो ?

- उसले भन्यो कि सानो उमेर देखिनै उसले परमेश्वरका सबै आज्ञा पालन गर्दै आएको छ ।

- के यो साँचो थियो ?

- थिएन ।

- धनी युवाले बुझ्न नसकेको कुरा के थियो ?

- धनी युवाले यो कुरा बुझ्न सकेको थिएन कि यदि उसले बाहिरबाट परमेश्वरका सबै आज्ञा पालन गरे तापनि उसको भित्री हृदयले परमेश्वरका सबै आज्ञाहरू भङ्ग गरिरहेको थियो ।

- येशूले भन्नुभयो यदि कुनै मानिसले अर्को मानिसलाई घृणा गर्छ भने उसले पहिल्यै देखि आफ्नो हृदयमा हत्या गरिसकेको हुन्छ ।

- येशूले भन्नुभयो यदि कुनै मानिसले एउटी आइमाइलाई वासनाले हेर्‍यो भने उसले पहिल्यैदेखि उसको हृदयमा व्यभिचार गरिसकेको हुन्छ ।

- परमेश्वरले इज्रेलीहरूलाई यो आज्ञा मरुभूमिमा किन दिनुभयो भन्ने के तपाईंलाई सम्झना छ ?

- इज्रेलीहरूले परमेश्वरले दिनुभएका सबै आज्ञाहरू पालन गर्न सक्नेछैनन् भन्ने परमेश्वरलाई थाहा थियो ।

- परमेश्वरले इज्रेलीहरूलाई किन उहाँका आज्ञाहरू दिनुभयो ?

- यही देखाउन कि तिनीहरू कहिल्यै पनि परमेश्वरले दिनुभएका सबै आज्ञा पालन गर्न सक्षम हुनेछैनन् ।

- यही देखाउन कि तिनीहरूको हृदय पापले भरिएको छ ।
- यही देखाउन कि तिनीहरुको हृदय कुहिएको छ ।

- यही देखाउन कि तिनीहरू असल थिएनन् ।
- यही देखाउन कि परमेश्वर बाहेक अरू कोही पनि असल छैन ।
- यद्यपि हामीले धेरै कोशिस गरेर बाहिरबाट परमेश्वरका सबै आज्ञाहरू पालन गरे तापनि हाम्रो हृदय अझै पनि पापले भरिएको हुन्छ ।
- यद्यपि हामीले धेरै कोशिस गर्यौं र हाम्रा कामहरू राम्रा बनायौं भने पनि हाम्रो हृदय परमेश्वरको सामुन्ने कहिल्यै उत्तम हुँदैन ।
- त्यसपछि येशूले के गर्नुभयो ?

आउनुस् मर्कूस १०:२१क पद पढौं ।

21 येशूले त्यस मानिसलाई फर्केर हेर्नुभयो। उहाँले त्यसलाई प्रेम दर्शाउनु भयो

- यद्यपि त्यस धनी युवालाई यो थाहा थिएन कि उसको हृदय परमेश्वरको सामुन्ने उत्तम छैन र पनि येशूले उसलाई प्रेम गर्नुभयो ।

- येशूले त्यस धनी युवालाई किन प्रेम गर्नुभयो ?

- किनभने येशूले नै त्यसलाई बनाउनुभएको थियो ।
- किनभने येशूले उसलाई उसको दुष्ट हृदयबाट बचाउन चाहनुभयो ।

- येशू सबै मानिसहरूलाई प्रेम गर्नुहुन्छ र तिनीहरू सबैलाई तिनीहरूको हृदयभित्र भएको खराबीबाट बचाउन चाहनुहुन्छ ।

- त्यसपछि येशूले त्यस धनी मानिसलाई के भन्नुभयो ?

आउनुस् मर्कूस १०:२१ख पद पढौं ।

अनि भन्नुभयो, "तिमीले पालन गर्नु पर्ने अझै एक अर्को आज्ञा छ। जाऊ अनि आफ्नो सबै चीजहरू बेचिदेऊ, गरीब मानिसहरू माझ त्यो पैसा बाँडिदेऊ। यसको निम्ति स्वर्गमा तिमीलाई इनाम मिल्नेछ। त्यसपछि मकहाँ आऊ, अनि मलाई पछ्याऊ।"

- त्यसपछि येशूले त्यस धनी मानिसले गर्नै पर्ने कुरा केहो भनी भन्नुभयो ?

- यही कि उसले आफूसँग भएक सबै थोक बेचेर गरीबहरूलाई दिनुपर्थ्यो र उहाँको पछि लाग्नुपर्थ्यो ।

- येशूले त्यसलाई किन यसो भन्नुभयो ?

- किनभने येशू त्यस धनी युवालाई उसको खराब हृदयबाट बचाउन चाहनुहन्थ्यो ।

- येशूलाई यो थाहा थियो कि त्यस धनी युवाले गरीब मानिसहरूलाई भन्दा उसको धनलाई बढी प्रेम गर्नेछ ।

- के हामीले परमेश्वरलाई भन्दा धनलाई बढी प्रेम गर्‍यौं भने के हामीलाई उहाँले बचाउनुहुन्छ ?
- बचाउनुहुन्न ।

- त्यसपछि त्यो धनी मानिसले के गर्‍यो ?

आउनुस् मर्कूस १०:२२-२४ पद पढौं ।

22 जब त्यस मानिसले येशूबाट यी सबै कुरा सुन्यो उसको अनुहार अँध्यारो भयो। त्यो मानिस दुःखी बन्यो, किनभने त्यो खुबै धनी थियो आफ्नो धन गुमाउन चाहदैन्थ्यो।

23 त्यसपछि येशूले आफ्नो चेलाहरूलाई हेर्नुभयो अनि तिनीहरूलाई भन्नुभयो, "परमेश्वरको राज्यमा पस्नुलाई एकजना धनी मानिसलाई निकै गाहो पर्छ।"

24 अनि येशूका कुरामा चेलाहरू अचम्मित भए। तर येशूले तिनीहरूलाई फेरि भन्नु भयो। "हे मेरो नानीहरू, परमेश्वरको राज्यमा पस्नु अति गाह्रो छ।

- त्यो धनी युवा किन दुखी हुँदै गयो ?

- किनभने ऊ एकदमै धनी थियो ।

- किनभने ऊ आफ्नै त्यति ठूलो धन गुमाउन चाहदैनथ्यो ।

- पहिले जब मानिसहरूले येशूसँग अनन्त जीवन पाउन तिनीहरूले के गर्नुपर्छ भनी सोधेका थिए त्यतिखेर उहाँले के जवाफ दिनुभएको थियो ?

आउनुस् यूहन्ना ६:२८-२९ पद पढौं ।

28 मानिसहरूले येशूलाई सोधे, "परमेश्वरले हामीबाट कस्तो प्रकारको काम चाहनु हुन्छ।" 29 येशूले उत्तर दिनुभयो, "परमेश्वरले तिमीहरूबाट कस्तो काम चाहनुहुन्छ भने तिमीहरू उहाँले पठाउनु भएको एकमाथि विश्वास गर्नु पर्छ।"

- अनन्त जीवन पाउनलाई हामीले गर्नै पर्ने एक मात्र काम यही हो कि हामीले येशू ख्रीष्टमा विश्वास गर्नुपर्छ ।

- को मात्रै एक हुनुहुन्छ जसले हामीलाई हाम्रो खराब हृदयबाट बचाउन सक्नुहुन्छ ?

- येशू ख्रीष्ट ।